# महान्यायाधिवक्ताको कार्यालय

(.................................. शाखा)

रामशाहपथ, काठमाडौं


पत्र संख्या :- २०८२/०८३

चलानी नं. :- १२८९

मिति :- २०८२।०९।१६
ने.सं. ११४६ प्वहेलाथ्वः १२, बुधबार

विषयः लेख रचना उपलब्ध गराईदिने सम्बन्धमा।

नेपालको फौजदारी न्याय प्रणालीलाई थप प्रभावकारी बनाउन महान्यायाधिवक्ताको कार्यालयको तेस्रो पञ्चवर्षीय रणनीतिक योजना अनुरुप सरकारी वकीलका कार्य सम्पादनसँग सम्बन्धित विषयमा अध्ययन अनुसन्धानमूलक लेख, रचनाहरूलाई संग्रह गरी 'अभियोजन जर्नल' प्रकाशन गरिँदै आएको यहाँहरूमा विदितै छ। सोही सन्दर्भमा यस कार्यालयवाट प्रकाशित हुने अभियोजन जर्नल, वर्ष ६, अंक १ को लागि निम्नानुसारको ढाँचा र नियमानुसार अध्ययन अनुसन्धानमूलक लेख रचना उपलब्ध गराईदिनुहुन सबैमा निर्णयानुसार अनुरोध छ।

लेख रचना उपलब्ध गराउँदा कम्तीमा निम्नानुसारको ढाँचा अनुसरण गर्नुपर्नेछः

(१) सारसंक्षेप
(२) अवधारणागत पक्ष
(३) आवश्यकता/महत्व/औचित्य
(४) अन्तर्राष्ट्रिय तथा राष्ट्रिय कानूनी व्यवस्था
(५) सर्वोच्च अदालतवाट प्रतिपादित नजिर सिद्धान्तहरू
(६) कार्यान्वयनको अवस्था
(७) समस्या/चुनौती
(८) समाधान
(९) निष्कर्ष
(१०) सन्दर्भ सामग्री

## नियमहरू

- लेख सरकारी वकीलवाट सम्पादन हुने काम कारवाहीसँग सम्बन्धित विषयमा केन्द्रित रहि अनुसन्धानमूलक, विश्लेषणात्मक तथा मौलिक हुनु पर्नेछ।
- लेखमा Blue book rule of citation अवलम्बन गरिएको हुनु पर्नेछ।
- लेखका साथमा लेखको कार्यालय, पद, ठेगाना, मोबाईल नं र इमेलसमेत पठाउनु पर्नेछ।
- लेख तयार गर्दा नेपालीमा Unicode Layout को कालिमाटी फन्टमा १२" साइजमा, अंग्रेजी प्रयोग भएमा Times New Roman को १०.५" साइजमा, लाईन स्पेसिङ्ग १.५ मा तयार गरी विद्युतीय प्रति (Electronic Copy) इमेल मार्फत पठाउनु पर्नेछ।
- लेख कम्तिमा ५,००० र बढीमा ७,००० शब्दमा लेखिएको हुनु पर्नेछ।


☎: ४२००८००, ४२००८०१, ४२००८१६, ४२००८१४, ४२००८१८
फ्याक्स :- ४२००८२७, एक्सचेन्ज :- ४२००८२४, ४२००८२८
इमेलः info@ag.gov.np, वेबसाइटः www.ag.gov.np

# महान्यायाधिवक्ताको कार्यालय

## नेपाल

(........................................ शाखा)

पत्र संख्या :- २०८२/०८३

चलानी नं. :- 1285

रामशाहपथ, काठमाडौं

मिति :-..............................

- कुनै लेख वा प्रकाशनार्थ प्राप्त सामाग्री प्रकाशित गर्ने वा नगर्ने तथा त्यस्ता सामग्री सम्पादन गर्ने सिलसिलामा त्यसको कुनै अंश हटाउने तथा भाषा संशोधन गर्ने सम्पूर्ण अधिकार सम्पादक मण्डललाई हुनेछ।
- अभियोजन जर्नलका लागि प्रकाशनार्थ पठाइएको सामग्री अन्यत्र प्रकाशित भएको हुन नहुने तथा लेखकले अन्यत्र प्रकाशन गर्नका लागि पठाउन पाइने छैन।
- लेख रचना मिति २०८२ माघ मसान्त भित्रमा यस कार्यालयको ईमेल ठेगानाः journal@ag.gov.np मा पठाईसक्नु पर्नेछ।
- प्रकाशनका लागि स्वीकृत लेखकहरूलाई नियमानुसार पारिश्रमिक उपलब्ध गराइनेछ।

<u>सम्पर्क व्यक्ति</u>

श्री स्मृति चौहान, सहायक न्यायाधिवक्ता (९८४३६६१७०६)

2082/09/16

......................

(स्मृति चौहान)

सहायक न्यायाधिवक्ता

☎: ४२००८००, ४२००८०१, ४२००८१६, ४२००८१४, ४२००८१८

फ्याक्स :- ४२००८२७, एक्सचेन्ज :- ४२००८२८, ४२००८२९

इमेलः info@ag.gov.np, वेबसाइटः www.ag.gov.np

C:\Users\OAG-IT\Desktop\विविध पत्रहरु 82-83---२०८१।०८2.docx